आज मिति २०८२ साल चैत्र महिनाको २२ गतेका दिन लुङ्ग्री गाउँपालिकाका अध्यक्ष श्री भरत कुमार थापाज्यूको अध्यक्षतामा यस लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय भवनमा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहायका पदाधिकारीहरूको उपस्थितिमा तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायका निर्णय गरियो ।

समय: अपराण्ह १२:०० बजे

बैठक संख्या: १२

उपस्थिति:

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत कुमार थापा | गा.पा. अध्यक्ष | |
| २ | श्री दिल कुमारी गुरुङ | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री गणेश पुन | सदस्य | |
| ४ | श्री अमृत घर्तीमगर | सदस्य | |
| ५ | श्री नेम बहादुर खड्का क्षेत्री | सदस्य | |
| ६ | श्री विरबल खड्का | सदस्य | — |
| ७ | श्री रिख बहादुर रोका | सदस्य | |
| ८ | श्री जोख बहादुर बुढाथोकी | सदस्य | |
| ९ | श्री हिरा बहादुर पुनमगर | सदस्य | |
| १० | श्री गौना विष्ट क्षेत्री | सदस्य | |
| ११ | श्री इशा बि.क. | सदस्य | ईशा |
| १२ | श्री चन्द्रमा खड्का | सदस्य | — |
| १३ | श्री दिल कुमारी गुरुङ पुनमगर | सदस्य | |
| १४ | श्री छविलाल कामी | सदस्य | |
| १५ | श्री पवित्रा कामी | सदस्य | — |
| १६ | श्री अनिल रिजाल | सदस्य सचिव | |
| | | | |

सहयोगी कर्मचारीहरू:

| | | | |
|---|---|---|---|
| १) | श्री दिपा कुमारी विष्ट | स्वास्थ्य अधिकृत (सातौं) | |
| २) | श्री सुन्दर बहादुर घर्ती | रोजगार संयोजक | |
| ३) | श्री भक्त नातियाँ | का.स. | — |
| ४) | श्री महादेव गुरुङ | — ,, | |
| ५) | श्री मेघबहादुर विष्ट | सि.शि.क. | |
| ६) | श्री गोपाल वली | अ.आ.पाल | |
| ७) | श्री [illegible] | [illegible] | |

# २०८२/०८३ को १२औं (बाह्रौं) गाउँकार्यपालिका बैठकका निर्णयहरुः

(मिति २०८२/१२/२२)

| प्रस्ताव नं | विषय | प्रस्तावको संक्षिप्त विवरण | निर्णय |
|---|---|---|---|
| १. | कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा । | आ.व.२०८२/८३ को ११ वटा कार्यपालिका बैठक सम्पन्न भएको र सो कार्यपालिकाले गरेको निर्णयको सम्बन्धमा छलफल गरी समिक्षा गर्ने सम्बन्धमा। | वर्ष २०८२.०८३ को लुङ्ग्री गाउँ कार्यपालिकाको एघार बैठक सम्पन्न भएको र त्यसले गरेका निर्णयहरु हालसम्म कार्यान्वयन भईरहेको पाइयो. साथै कार्यपालिकाले गरेका निर्णयहरुलाई यथासम्भव सहि ढंगबाट कार्यान्वयनमा लगिने। |
| २. | ठेक्का म्याद थप सम्बन्धमा | लुङ्ग्री गाउँपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको साझेदारीमा सञ्चालित किलाचौर ताराहान्ने मोटरबाटो स्तरोन्नती कार्यको लागि मनोज साधना निर्माण सेवासँग ठेक्का सम्झौता भई मिति २०८२।१२।३० गतेसम्मको म्याद रहेकोमा चुनाव लगायतका विविध कारणले गर्दा निर्धारित समयमा कार्य सम्पन्न हुन नसकेको हुँदा म्याद थप गरी पाउँ भन्ने निवेदन पेश गरेकोमा प्राविधिक शाखाबाट रायसहितको टिप्पणी पेश भएको छ। | लुङ्ग्री गाउँपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको साझेदारिमा सञ्चालित किलाचौर ताराहान्ने मोटरबाटो स्तरोन्नती ठेक्का नं. LRM/ROL/W/NCB/01/2082/83 को म्याद प्राविधिक शाखाको रायका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम ३८ (अडतीस) दिन म्याद थप्ने। |
| ३. | अध्यक्षकप खेलकुद प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा। | लुङ्ग्री गाउँपालिकाको आ.व २०८२।०८३ को आर्थिक बजेट कार्यक्रम अनुसार अध्यक्षकप खेलकुद प्रतियोगिता संचालन तथा व्यवस्थापन खर्च शिर्षकमा आवश्यक बजेट विनियोजन गरिएको छ। सो सम्बन्धमा आवश्यक कार्य अगाडी बढाउनु पर्ने भएको। | लुङ्ग्री गाउँपालिकाको यस आ.व.को अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मिति २०८२।०१।०२ गतेदेखि सञ्चालन गर्न लुङ्ग्री गाउँपालिकाको कर्मचारी श्री सुन्दर बहादुर घर्तीलाई जिम्मेवार व्यक्ति तोकि पालिका अन्तर्गतका वडा स्तरिय पुरुष भलिबल प्रतियोगित्ता, महिला भलिबल प्रतियोगिता र पुरुष खुला ब्याडमिन्टन प्रतियोगिता गरी ३ विधाका खेलहरु आयोजना गर्ने। खेलको समग्र व्यवस्थापन पालिकाले गर्ने। |
| ४. | तेस्रो त्रैमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम | लुङ्ग्री गाउँपालिकाको आ.व २०८२।०८३ को नियमित रुपमा आयोजना हुने त्रैमासिक समिक्षा तथा | लुङ्ग्री गाउँपालिका स्तरिय त्रैमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई मिति २०८२।१२।२७ गते लुङ्ग्री गाउँपालिकाको सभाहलमा गर्ने साथै सो कार्यक्रममा सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दलका |

नरेश कुमार थापा
गा.पा.अध्यक्ष

# २०८२/०८३ को १२औं (बाह्रौं) गाउँकार्यपालिका बैठकका निर्णयहरु:

(मिति २०८२/१२/२२)

| | | | |
|---|---|---|---|
| | सञ्चालन गर्ने सम्बन्धमा | सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नुपर्ने भएको। | प्रतिनिधि, सम्पूर्ण जनसमुदायलाई सहभागिताको लागि आव्हान गर्ने। |
| ५. | आर्थिक सहयोग सम्बन्धमा। | मानव सेवा आश्रमले लुङ्ग्री गाउँपालिकाका बेसहारा, असहाय, अभिभावकविहिन हरुको उद्धार, संरक्षणमा गरेको योगदानलाई कदर गर्दै सहयोग उपलब्ध गराउनुपर्ने भएको। | देशव्यापीरुपमा सहयोगापेक्षी (बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारिरीक तथा मानसिकरुपमा अति कमजोर मानवहरुको उद्धार, उपचार, पालनपोषण, संरक्षण र पालनपोषण गराउँदै आइरहेको संस्था मानव सेवा आश्रमलाई गाउँपालिकाको विविध खर्च शिर्षकबाट रु.५००००/- (पचास हजार) सहयोग उपलब्ध गराउने। |

...रेत कुमार थापा
गा.पा.अध्यक्ष